धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदरपश्चिम प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं.:

# सिलबन्दी दरभाउ पत्र आह्वानको सुचना नं.०१

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१९

यस नगर कार्यपालिकाको कार्यालयको लागी आ.व. ०७७/०७८ मा एलोपेथिक औषधि खरिद गरी नेपाल सरकारले निःशुल्क रुपमा उपलब्ध गराउने भनी तोकिएको Specification अनुसार प्रथम चौमासिकमा औषधि (एलोपेथिक) खरिद गर्नुपर्ने भएकाले तपशिलको शर्तको अधिनमा रही इजाजत प्राप्त इच्छुक फर्महरुबाट रितपुर्वक सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ।

१) सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र सम्बन्धित कार्यको लागी इजाजत पत्र, आयकर एवं मु.अ. कर दर्ता प्रमाण पत्र (अध्यावधिक नविकरण भएको) र आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीका साथ निवेदन दिइ यस कार्यालयको स्वास्थ्य शाखाबाट (फिर्ता नहुने गरी) रु १०००।– (अक्षरुपी रु एक हजार मात्र) दरभाउ पत्र दस्तुर बुझाइ खरिद गर्न सकिने छ।

२) खरिद भएको दरभाउ पत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन शनिबार परेकाले २०७७/०६/०४ गते बिहान १२ बजे भित्र यस कार्यालयको नाममा संबोधन हुने गरी दरभाउ-पत्र नं, कामको विवरण, दरभाउ-पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई दरखास्त फाराममा सहीछाप गरी फर्मको छाप लगाइ सिलबन्दी लाहाछाप गरी यस कार्यालयको स्वास्थ्य शाखामा मात्र दर्ता गराउन सकिने छ।

३) दर्ता भएको दरभाउ-पत्रहरु यो सुचना प्रकाशित भएको मितिले १६औं दिन शनिबार परेकाले मिति २०७७/०६/०४ गते दिउसो २:०० बजे दरभाउ-पत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयको स्वास्थ्य शाखामा खोलिने छ। दरभाउ-पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउ-पत्र दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा काम हुनेछ। उल्लेखित ०७७/०६/०४ गते शनिबार परेको हकमा भने माथीको सूचना विवरणमा खुलाइएको छ।

५) सिलबन्दी दरभाउ-पत्र साथ जमानत बाफत रु ५५,०००।– यस कार्यालयको रा.बा. बैंकमा रहेको ४१७००३०३००००२ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचर वा 'क' बर्गको बाणिज्य बैंक बाट जारी भएको ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी भएको Bid Bond को सक्कलै कागज पेश गर्नु पर्ने छ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

६) म्याद नाधी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउ-पत्र उपर कुनै कारबाही गरिने छैन।

७) दरभाउ-पत्र स्विकृत गर्ने, अस्विकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८) दरभाउ-पत्र स्विकृत भएपछि ठेक्का सम्झौता गर्दा सम्झौता भएको प्रचलीत कानुनले हुन आउन रकम यस कार्यालयको माथि उल्लिखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही रकम बराबरको घटीमा १५ महिना म्याद भएको यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गरे पछि मात्र खरिद सम्झौता गरिने छ।

९) दररेट भर्दा अंक र अक्षरमा केरमेट नगरी मु.अ. कर बाहेकको रकम उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। एकाइ दररेट र कुल रकममा फरक पर्न गएमा इकाइ दररेटका आधारमा कुल रकम निकाली सोका आधारमा मुल्याङ्कन गरिने छ। दररेट भर्दा प्रत्येक आइटम वाइज दररेट राख्नुपर्नेछ। भ्याट र कन्टेन्जेन्सी बाहेक उल्लिखित व्यहोरा अनुसार कुल कबुल रकम निकाली न्युन मुल्याङ्कित सार्भुतरुपमाप्रवाहग्राही दरभाउ-पत्र मात्र छनौट गरिने छ।

१०) BOQ मा उल्लेखित स्पेशिफिकेशन अनुसार सबै आइटम वाइज दररेट भर्नु पर्ने छ। आंशिक दररेट भरेको दरभाउ-पत्र मुल्याङ्कनमा समावेश गरिने छैन। साथै आपुर्ति गरिने औषधीहरु supply भएको मिति देखी कम्तीमा १८ महिना उपभोग्य म्याद कायम भएको र WHO-GMP standard अनुसार हुनु पर्ने छ र सम्बन्धित फर्म/ कम्पनी औषधी व्यवस्था विभागमा दर्ता भएको हुनुपर्ने छ।

११) यस सुचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सो को नियमावली २०६४ र धनगढी उप-महानगरपालिकाको प्रचलित सार्वजनिक खरिद नियमावली २०७७ र प्रचलित कानुन अनुसार हुने छ।

**तपशिल**

| प्याकेज नं. | सामानको विवरण | जम्मा बजेट रकम | कैफियत |
|---|---|---|---|
| ०१ | निशुल्क वितरण गरिने Specification अनुसारका ५२ वटा एलोपेथिक औषधिहरु | १७,७०,००० (कन्टेन्जेन्सी बाहेक) | एलोपेथिक औषधिहरुमा भ्याट नलाग्ने |

प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत